फलाकुमा बेलिब्रिज

# अब जोडियो रसुवा सडक सञ्जालमा

**मित्र भण्डारी**
*वेत्रावती (नुवाकोट), असोज २५ गते*



तस्बिर : गोरखापत्र

**नुवाकोट र रसुवा जोडिने वेत्रावतीको फलाकुखोलामा निर्माण गरिएको बेलिब्रिज सञ्चालनमा आएपछि स्वागत गर्दै नेपाली सेना ।**

भोटेकोशी हिमबाढीपछि सडक सञ्जालमार्फत रसुवा जिल्लासँग सम्पर्क स्थापित भएको छ। नेपाली सेनाले वेत्रावतीको फलाकुखोलामा निर्माण गरेको बेलिब्रिज सञ्चालनमा आएसगैँ यातायातमार्फत नुवाकोटसँग रसुवा जोडिएपछि स्थानीयमा खुसी फर्किएको छ । २०८३ भदौ १० गते भोटेकोशीमा आएको हिमबाढीले रसुवा र त्रिशूली कोरिडोरका सबै जसो सडक पूर्वाधार तहसनहस पारेपछि स्थानीय सडक सम्पर्कबाट बाहिर परेका थिए।

भोटेकोशी हुँदै त्रिशूली नदीको बाढीले वेत्रावतीस्थित विदुर नगरपालिका–१० र उत्तरगया गाउँपालिका–५, वेत्रावती जोड्ने पक्की पुल बगाएसँगै रसुवा र नुवाकोटबिचको टुटेको सम्पर्क बेलिब्रिजमार्फत जोडिएको हो । नेपाली सेनाले फलाकुखोलामा २४० फिट लामो र १८ फिट चौडा बेलिब्रिज निर्माण गरेको हो। सैनिक प्रवक्ता सहायक रथी राजाराम बस्नेतका अनुसार उक्त पुलको भारवहन क्षमता ६० टन भए पनि सुरक्षाको दृष्टिले हाल ४० टन क्षमता मात्र सञ्चालन गरिने छ । यसअघि नुवाकोटको तादीखोलामा निर्माण गरिएको बेलिब्रिजबाट आवश्यक संरचना ढुवानी गरी फलाकुखोलामा यो पुल बनाइएको बताउँदै बस्नेतले थप्नुभयो, “पुलले बाढीपछिको राहत, उद्धार तथा पुनर्निर्माणलाई गति दिनुका साथै रसुवा र नुवाकोटबिचको आवागमन सहज बनाउने छ।”

पुल सञ्चालनमा आएसँगै नुवाकोट र रसुवा आसपासका क्षेत्रका नागरिकलाई आवतजावत गर्न र बाढीबाट प्रभावित क्षेत्रमा आवश्यक राहत तथा अत्यावश्यक सामग्रीको ढुवानीमा सहज हुने नेपाली सेना युद्धकार्य महानिर्देशनालयका उपरथी अनुपजङ्ग थापाले जानकारी दिनुभयो।

नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीले टुटेको रसुवाको सडक सञ्जाललाई पुनः जोड्ने गरी प्राथमिकतामा राखेर काम गरिएको बताउनुभयो। पुल बनेपछि रसुवाको धुन्चेबजार र स्याफ्रुबेँसीसम्मको यात्रा सहज हुनुका साथै थप पुनर्निर्माणका सामग्री ढुवानी गर्न सहज हुने उहाँको भनाइ छ।

हिमबाढीले क्षतविक्षत बनेका सडक, पुल सञ्चालनमा आउन थालेपछि बगरमा परिणत भएका बस्तीमा विस्तारै चहलपहल देखिन थालेको छ । पछिल्लो बेलिब्रिज बनेपछि धादिङको गल्छीदेखि रसुवाको स्याफ्रुबेँसीसम्मको पासाङल्हामु राजमार्गमा सडक सम्पर्क पुनर्स्थापित भएको छ। पुल निर्माणपछि रसुवामा रोकिएका मालवाहक ट्रक तथा कन्टेनर काठमाडौँतर्फ आउन थालेका छन्। लामो समयदेखि अवरुद्ध आवागमन खुलेपछि स्थानीय बासिन्दा, यातायात व्यवसायी र व्यापारीलाई राहत मिल्ने छ।

रसुवाका प्रमुख जिल्ला अधिकारी कमलप्रसाद पाण्डे सडक सम्पर्क पुनर्स्थापनालाई जिल्लाको ‘ लाइफलाइन’ फर्किएको घटनाका रूपमा लिनुहुन्छ । उहाँ भन्नुहुन्छ, “बाढीपछि जिल्ला सडक सञ्जालबाट विच्छेद हुँदा राहत तथा उद्धारका लागि वैकल्पिक मार्ग र हवाई सेवाको सहारा लिनु परेको थियो।”

### फर्कियो खुसी

स्थानीय अटोचालक विष्णु लामिछाने सडक खुलेपछि निकै खुसी हुनुहुन्छ। बाढीपछिको अवस्थाको चित्रण गर्दै लामिछाने भन्नुहुन्छ, “पैसा भएर पनि चाहिने सामान किन्न नपाउने अवस्था थियो। अब आवागमन र दैनिक उपभोग्य वस्तुको आपूर्ति सहज हुने आशा छ। ”

माइक्रोचालक सुमन मोक्तानले पनि बाढीपछि एक महिना १५ दिनमा पहिलो पटक रसुवा पुग्न पाउँदा निकै खुसी लागेको बताउनुभयो। सडक खुलेपछि रसुवाका चालकलाई गाउँ फर्किन सहज भएको र अब आफ्ना साथी र परिवारसँग जोडिन पाउँदा निकै हर्षित अनुभव भएको उहाँले बताउनुभयो।

वेत्रावतीकी स्थानीय भवानी न्यौपानेले पुल नहुँदा काठको फड्के हुँदै काठमाडौँ जानु परेको अनुभव सुनाउनुभयो। “आज गाडीबाटै जिल्ला प्रवेश गर्न पाउँदा खुसी लागेको छ। बाढीले विकासका काम दशकौँ पछाडि धकेलिएको महसुस भएको छ। अब पुनर्निर्माणलाई तीव्रता दिनु पर्छ,” उहाँले भन्नुभयो।

### उपचार र पुनर्वासको आशा

सडक अवरुद्ध हुँदा बिरामीले सबैभन्दा बढी सास्ती बेहोर्नु परेको स्थानीय पवित्रा लामिछानेले बताउनुभयो। काठमाडौँ पुग्न १० घण्टा घुम्नु परेको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, “अब दुई–तीन घण्टामै पुग्न सकिने आशा छ । बाढीले सर्वस्व गुमाएका हामीलाई सुरक्षित ठाउँमा पुनर्वासको व्यवस्था चाहिएको छ।”

स्थानीय पार्वती भट्टले पनि पुल बनेपछि आवागमन सहज हुने बताउनुभयो । अब त्रिशूली नदीपारिका बस्ती जोड्ने पुल र सडक निर्माणलाई तीव्रता दिनुपर्ने उहाँको माग छ।

विदुर नगरपालिकाका प्रमुख राजन श्रेष्ठले सेना, सडक विभाग र स्थानीय तहको समन्वयमा छोटो समयमा पुल निर्माण हुनु प्रशंसनीय रहेको बताउनुभयो। पुल सञ्चालनले प्रभावित क्षेत्रमा पुनर्निर्माणले तीव्रता पाउने आशा जगाएको श्रेष्ठले बताउनुभयो। विदुर–१० का वडाध्यक्ष गणेशकुमार नेपालले बाढीले वेत्रावतीको ऐतिहासिक बजार बगरमा परिणत गरेको स्मरण गर्दै प्रभावित परिवारलाई सुरक्षित आवास र पुनर्वासको व्यवस्था गर्नुपर्ने बताउनुभयो।

फलाकुखोलामा पुल बने पनि स्याफ्रुबेँसीदेखि रसुवागढीसम्मको करिब १६ किलोमिटर सडक सञ्चालनमा ल्याउन भने बाँकी छ। नेपाली सेनाले स्याफ्रुबेँसीमा अर्को बेलिब्रिज निर्माण गर्ने तयारी गरेको छ । नेपाल–चीन केरुङ व्यापार सङ्घका संस्थापक अध्यक्ष मानबहादुर तामाङले सडक छिटो सञ्चालनमा आए रसुवाको व्यापार र जनजीवन सहज हुने आशा व्यक्त गर्नुभयो।

# उच्च सतर्कता अपनाउन मुख्यमन्त्रीको आग्रह

**मकवानपुर समाचारदाता**
*मकवानपुर, असोज २५ गते*

बुढीगण्डकी नदीमा अचानक आएको बाढीपछि बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगरले बुढीगण्डकी र त्रिशूली नदीको तटीय क्षेत्रमा उच्च सतर्कता अपनाउन आग्रह गर्नुभएको छ।

आइतबार बिहान गोरखाको बुढीगण्डकी नदीमा ठुलो आवाजसहित अचानक बाढी आएपछि नदी आसपासका केही गाउँबस्तीमा क्षति पुगेको प्रारम्भिक जानकारी प्राप्त भएको छ। माथिल्लो तटीय क्षेत्रमा वर्षा भएको पुष्टि नभएकाले बाढी आउनुको कारण भने यकिन हुन सकेको छैन।

**» बुढीगण्डकी बाढी**

मुख्यमन्त्री थापामगरले आइतबार जरुरी सार्वजनिक सूचना जारी गर्दै बुढीगण्डकी नदीको तल्लो तटीय क्षेत्र तथा बुढीगण्डकी–त्रिशूली नदीको दोभानदेखि धादिङको बेनीघाट, विशालटार हुँदै नारायणगढसम्म त्रिशूली नदी आसपासका क्षेत्रमा आकस्मिक बाढीको जोखिम रहन सक्ने जनाउनुभएको छ । सूचनामा नदीको जलस्तर र बहाबमा अचानक परिवर्तन हुन सक्ने भएकाले जोखिमयुक्त स्थानमा रहेका बासिन्दालाई सुरक्षित तथा अग्लो स्थानमा जान, नदी किनारमा अनावश्यक आवतजावत नगर्न र नदीमा प्रवेश नगर्न अनुरोध गरिएको छ।

सम्भावित जोखिमलाई ध्यानमा राख्दै पृथ्वी राजमार्गको त्रिशूली नदी आसपासको खण्डमा सम्बन्धित निकायले स्थलगत जोखिम मूल्याङ्कन गरी आवश्यकता अनुसार सवारी आवागमन रोक्ने, नियमन गर्ने वा वैकल्पिक व्यवस्था मिलाउनुपर्ने सूचनामा उल्लेख छ।

त्यसै गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालय, स्थानीय तह र सुरक्षा निकायलाई जोखिम क्षेत्रको निरन्तर अनुगमन गर्न, पूर्वसूचना प्रवाह गर्न तथा उद्धार र राहत सामग्री तयारी अवस्थामा राख्न आग्रह गरिएको छ। विपत् व्यवस्थापनमा संलग्न निकायबिच प्रभावकारी समन्वय गर्नसमेत सूचनामा जोड दिइएको छ।

मुख्यमन्त्री थापामगरले आधिकारिक निकायबाट जारी हुने सूचना तथा निर्देशन पालना गर्न र अपुष्ट सूचना सम्प्रेषण नगर्न पनि अनुरोध गर्नुभएको छ। बाढीको कारण तथा त्यसबाट भएको क्षतिको विवरण यकिन गर्न सम्बन्धित निकायले आवश्यक जानकारी सङ्कलन र समन्वय गर्नुपर्ने सूचनामा उल्लेख छ।

# शक्तिपीठमा राखियो जमरा

**सिन्धुली समाचारदाता**
*सिन्धुलीमाढी, असोज २५ गते*

बडादसैँको अवसरमा सिन्धुली जिल्लाका विभिन्न शक्तिपीठमा आइतबार वैदिक विधि अनुसार सामूहिक जमरा राखिएको छ । कमलामाई नगरपालिकास्थित कालीमाई, रक्तमाला, भद्रकाली र माईस्थान मन्दिरलगायतका शक्तिपीठमा रहेका दसैँघरमा सामूहिक जमरा राखिएको हो । कमलामाई नगरपालिका–५ स्थित कालीमाई मन्दिरको दसैँघरमा एक हजार पाँच सय टपरीमा जमरा राखिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अच्युतम ढकालले जानकारी दिनुभयो। जमरा राख्न २२ पाथी जौ, तीन पाथी मकै र तीन पाथी गहुँ खरिद गरिएको उहाँले बताउनुभयो। जमरा राख्न आवश्यक सामग्री र अन्य खर्च गरी करिब ४० हजार रुपियाँ लागेको उहाँले जानकारी दिनुभयो।

परम्परागत रूपमा हरेक वर्ष सामूहिक जमरा राखिँदै आएको उक्त मन्दिरमा यस वर्ष पनि शुभसाइत अनुसार बिहान ११:४७ बजेदेखि जमरा राख्न सुरु गरिएको थियो। टीकाका दिन स्थानीयवासीले प्रतिटपरी १०० देखि १५० रुपियाँ तिरेर प्रसादीका रूपमा जमरा लैजाने चलन रहेको अध्यक्ष ढकालले बताउनुभयो। यसबाट प्राप्त रकम मन्दिरको बैङ्क खातामा जम्मा गरिने उहाँले जानकारी दिनुभयो। कालीमाई मन्दिरमा फूलपातीका दिन नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीले बढाइँ गर्ने तथा बलि दिने परम्पर ासमेत रहेको छ। यसै गरी कमलामाई नगरपालिका–४ स्थित रक्तमाला मन्दिरको दसैँघरमा करिब ३२५ घरपरिवारले सामूहिक जमरा राखेका छन्।

# निजी विद्यालयको लगानी सुरक्षाबारे स्पष्ट नीति आवश्यक

**राष्ट्रिय समाचार समिति**
*ललितपुर, असोज २५ गते*

शिक्षा विधेयकमा निजी विद्यालयको लगानी सुरक्षा, नीतिगत सहभागिता र शैक्षिक गुणस्तरका विषयलाई स्पष्ट रूपमा सम्बोधन गर्नुपर्नेमा सरोकारवालाले जोड दिएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन), ललितपुर जिल्ला कार्यसमितिले आइतबार आयोजना गरेको बृहत् शैक्षिक बहसमा सहभागी वक्ताहरूले शिक्षाक्षेत्रको सुधारका लागि राज्य र निजी क्षेत्रबिच सहकार्य आवश्यक रहेको बताउनुभयो। बहसमा प्रतिनिधि सभा सदस्य कुसुम महर्जनले सरकार र निजी क्षेत्र एकअर्काका परिपूरक भएकाले शिक्षा क्षेत्रका समस्या समाधान गर्न संवाद र सहकार्य आवश्यक रहेको बताउनुभयो । उहाँले निजी विद्यालयमा छोराछोरी पढाउने सबै अभिभावक आर्थिक रूपमा सम्पन्न नहुने उल्लेख गर्दै अभिभावकको त्याग र अपेक्षा अनुसार गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालय सञ्चालकलाई आग्रह गर्नुभयो।

शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले निःशुल्क शिक्षाको अर्थ शुल्क नलाग्ने मात्र नभई सबै बालबालिकाले गुणस्तरीय शिक्षा प्राप्त गर्ने सुनिश्चितता हुनु रहेको बताउनुभयो। शिक्षाका लागि आवश्यक स्रोत करदाताले तिरेको करबाट जुटाइने उल्लेख गर्दै उहाँले सबै भौगोलिक क्षेत्र र आर्थिक अवस्थाका परिवारका बालबालिकालाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने दायित्व राज्यको भएको बताउनुभयो।

कक्षा १२ सम्म निःशुल्क तथा अनिवार्य शिक्षाको अवधारणाबारे चर्चा गर्दै उहाँले निजी विद्यालयले पनि शैक्षिक गुणस्तर सुधारमा योगदान गरिरहेको बताउनुभयो । राज्यको दीर्घकालीन शिक्षा नीतिले निजी विद्यालयको भविष्य र अभिभावकको विद्यालय छनोटको अधिकारलाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा स्पष्टता आवश्यक रहेको उहाँको भनाइ थियो । प्याब्सनका केन्द्रीय अध्यक्ष कृष्ण अधिकारीले शिक्षा क्षेत्रमा निजी क्षेत्रले ठुलो लगानी र जिम्मेवारी वहन गरिरहेको उल्लेख गर्दै लगानीको सुरक्षा तथा नीतिनिर्माणमा सहभागिता सुनिश्चित गर्न माग गर्नुभयो । प्री स्कुलदेखि कक्षा १२ सम्मका साथै प्राविधिक तथा व्यावसायिक शिक्षामा निजी क्षेत्रले करिब ४१ प्रतिशत भार वहन गरिरहेको दाबी गर्नुभयो।

संविधानले सम्पत्तिको हक र समानताको प्रत्याभूति गरेको उल्लेख गर्दै उहाँले स्वदेशी शैक्षिक उद्यमीको लगानी सुरक्षाका लागि पनि स्पष्ट नीतिगत व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो । निजी विद्यालय सञ्चालकले पुर्ख्यौली सम्पत्ति, ऋण तथा परिवारका गहना धितो राखेर शिक्षामा लगानी गरेको उल्लेख गर्दै उहाँले विद्यालयको अवस्था र लगानी अनुसार उपयुक्त नीतिगत व्यवस्था गर्नुपर्ने बताउनुभयो। लामो समयपछि आउन लागेको शिक्षा ऐनमा निजी क्षेत्रको लगानी सुरक्षा, नीतिनिर्माणमा सहभागिता र शैक्षिक नवप्रवर्तनका लागि अनुकूल वातावरण सुनिश्चित गर्नुपर्ने उहाँको भनाइ थियो। साथै स्थानीय र प्रदेश सरकारले कलेज तथा विश्वविद्यालय सञ्चालनका लागि आवश्यक सुविधा उपलब्ध गराउनुपर्ने उहाँले बताउनुभयो।

उच्च शिक्षालय तथा विद्यालय सङ्घ (हिसान) का महासचिव रामहरि सिलवालले शिक्षा क्षेत्रमा निजी विद्यालयले पुऱ्याएको योगदानलाई राज्यले सम्मान गर्दै नीतिगत रूपमा उचित स्थान दिनुपर्ने बताउनुभयो। राजनीतिक नेतृत्वले सुधारको प्रतिबद्धता जनाए पनि कर्मचारीतन्त्रको परम्परागत कार्यशैलीका कारण अपेक्षित परिवर्तन हुन नसकेको उल्लेख गर्दै उहाँले प्रशासनिक सुधार आवश्यक रहेको धारणा राख्नुभयो । सामुदायिक विद्यालयमा सरकारले गर्ने लगानी र त्यसबाट प्राप्त प्रतिफलको तुलनात्मक अध्ययन गर्नुपर्ने बताउँदै उहाँले सरकारले एक विद्यार्थीका लागि वार्षिक ४० हजारदेखि ८५ हजार रुपियाँसम्म खर्च गर्ने गरेको उल्लेख गर्नुभयो । निजी विद्यालयको आलोचना गरेर मात्र समस्या समाधान नहुने भन्दै उहाँले शिक्षा सुधारका लागि निजी क्षेत्रसँग संवाद र सहकार्य गर्न राजनीतिक नेतृत्वलाई आग्रह गर्नुभयो।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका सल्लाहकार शैलेन्द्र झाले प्राप्त सुझावलाई ध्यान दिएर विधेयक ल्याइने बताउनुभयो । प्याब्सनका केन्द्रीय महासचिव आरबी कटुवालले शिक्षालाई संस्कार, सिप र प्रविधिसँग जोडेर अघि बढाउनुपर्ने बताउनुभयो। शिक्षा क्षेत्रको विकासमा निजी क्षेत्रलाई सँगै लिएर जानुपर्ने उल्लेख गर्दै उहाँले विदेशी विद्यार्थीलाई नेपालमा अध्ययनका लागि आकर्षित गर्न कानुनी अड्चन हटाउनुपर्नेमा जोड दिनुभयो।

# पैदलयात्रीको मृत्यु

**मकवानपुरगढी समाचारदाता**
*मकवानपुरगढी, असोज २५ गते*

मकवानपुरको मकवानपुरगढी गाउँपालिका–२, दुबीचौरस्थित कान्ति लोकपथ सडकखण्डमा बसको साइड डिक्कीको ढोकाले लागेर एक पैदलयात्रीको मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरगढी गाउँपालिका–२ निवासी ४१ वर्षीय वीरबहादुर स्याङ्तान रहनुभएको छ । गत शनिबार दिउँसो करिब ४ बजे बुटवलबाट काठमाडौँतर्फ जाँदै गरेको लु.प्र. ०१–००१ ख ०६६४ नम्बरको बसको साइड डिक्कीको ढोकाले स्याङ्तानलाई ठक्कर दिएको थियो। बसको ढोकाले लाग्दा उहाँको टाउको, छाती र खुट्टामा चोट लागेको थियो।

घाइते स्याङ्तानलाई बसका सहचालकले उपचारका लागि हेटौँडा अस्पताल ल्याउनुभएको थियो । त्यहाँ सामान्य उपचारपछि थप उपचारका लागि साँझ ६:३० बजे मकवानपुर सहकारी अस्पताल लगिएको थियो। उपचारकै क्रममा चिकित्सकले साँझ ७:५० बजे उहाँलाई मृत घोषणा गर्नुभएको प्रहरीले जनाएको छ।

मृतकको शव हेटौँडा अस्पतालमा पठाइएको छ। दुर्घटनामा संलग्न बस र चालक रुपन्देहीको बुटवल उपमहानगरपालिका–१४ निवासी ३१ वर्षीय विशाल केसीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेवेशी, काभ्रेपलाञ्चोक**
**बागमती प्रदेश, नेपाल ।**

**बोलपत्र आह्वानको सूचना**

**प्रथम पटक प्रकाशन मिति : २०८३।०६।२६**

यस नगरपालिकाबाट निम्न योजनाहरूका लागि Hard copy मार्फत बोलपत्र आह्वान गरिएको हुँदा इच्छुक फर्म, कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१औँ दिनको १२:०० बजेभित्र बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। विस्तृत विवरण सहितको सूचनाका लागि यस कार्यालयको वेबसाइट **www.namobuddhamun.gov.np** मा हेर्न सकिनेछ।

**तपसिलः**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|
| **NMUN/NCB/ Works/01/083/84** | Upgrading of Dalsinge-Dapcha Sadak Namobuddha-10 | NRs. 1,70,21,888.85 | NRs. 4,60,000/- | NRs. 3,000. |
| **NMUN/NCB/ Works /02/083/84** | Upgrading of Naubise Pujaritapu Saunedada Wada karyalya Sadak-namobuddha-7 | -Single Stage Two Envelope | NRs. 7,85,000/- | NRs. 5,000 |
| **NMUN/NCB/ Works /03/083/84** | Upgrading of B.P. Rajmarga Hirako Pasal 1 Numbar Wada Karyalya Mthurapati Hudai 2 Number Wada Karyalya Jodne Sadak-Namobuddha-1 | NRs. 1,70,94,100.04 | NRs. 4,65,000/- | NRs. 3,000 |
| **NMUN/NCB/ Works /03/083/84** | Upgrading of 20 Kilo Dahalchaur Ojhabasti Hudai Temal Road Jodne Sadaka-Namobuddha-3 | NRs. 1,67,31,850.67 | NRs. 4,65,000/- | NRs. 3,000 |
| बैंक खाता नं. | Name of the Bank: Rastriya Banijya Bank Ltd., Bhakundebesi Branch<br>Office Name: Namobuddha Municipality Office<br>Office Code: 801032602<br>Rajswo Shirshak: 14219<br>Rajaswa (revenue) account no (for bid fee): **Ga-1-1-1540100301010002**<br>Dharauti Account No. (For Bid Security): **Ga-3-1540100303000002** | | | |

**बोलपत्र खरिद/पेस गर्ने स्थान** : नमोबुद्ध नगरपालिका भकुण्डेबेशी, काभ्रेपलाञ्चोक ।
**प्रिबिड मिटिङ हुने समय** : २०८३।०७।०९ गते दिउँसो १:०० बजे ।
**बोलपत्र पेस गर्ने अन्तिम मिति/समय** : २०८३।०७।१६ गते दिउँसो १२ बजे ।
**बोलपत्र खोलिने मिति/समय** : २०८३।०७।१६ गते दिउँसो १:०० बजे ।
**विस्तृत जानकारी तथा सूचनाका लागि सम्पर्क नं.** : ०११–४०४०३१/०११–४०४०६८

**Invitation for Bids**
**Government of Nepal**
Ministry of Health and Food Safety
**National Center for AIDS & STD Control**
Teku, Kathmandu, Nepal
**Date of publication: 12th October, 2026**
**Invitation for Bids No: NCASC/G/NCB-02/2083-84**
**Procurement of STI/OI Medicines**

1. The **National Center for AIDS & STD Control** invites ***sealed*** bids from eligible bidders for the procurement of ***STI/OI medicines*** under National competitive bidding – Single Stage Two Envelope procedures.

| S.N. | Name of medicine | Unit | Required Quantity in unit | Bid Guarantee (NPR) | Bid Document Fee (NPR) |
|---|---|---|---|---|---|
| 1 | Amphotericin B 50mg (Liposomal) | Vial | 340 | Rs. 2,00,000 | Rs. 3000 |
| 2 | Fluconazole 150mg | Cap | 2000 | | |
| 3 | Sulphamethoxazole/ Trimethoprim (800 mg/ 160 mg) | Tab | 150000 | | |
| 4 | Sulphamethoxazole/ Trimethoprim (200 mg/ 40 mg) 50 ml suspension | Bottle | 1500 | | |
| 5 | Valganciclovir 450 mg | Tab | 1200 | | |

2. A complete *set* of Bidding Documents may be purchased from the office ***National Center for AIDS & STD Control, Teku Kathmandu*** and the office ***Department of Health Sciences, Teku Kathmandu*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NPR ***3000*** till ***2nd November, 2026,*** during office hours in the account as specified below.

| For Bid Fee | For Bid Security |
|---|---|
| Name of Office: National Center for AIDS & STD Control<br>Revenue Title: 14229<br>Office Code: 370013502<br>Name of Bank: Rastriya Banijya Bank, Teku<br>Account No.: 1000100200010000 | Name of Bank: Rastriya Banijya Bank, Teku<br>Name of office: Ko.Le.Ni.Ka., Tripureshwor<br>Account No.: 1700100102030000<br>(Account Name: KA-2-3Dharuati A/C Ko.Le.Ni. Ka) |

3. Sealed bids must be submitted to the office of ***NCASC, Teku Kathmandu*** by hand/courier/post (Hulak) on or before ***16:00 PM*** on ***3rd November, 2026.*** Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 PM on 4th November, 2026*** at the office of ***National Center for AIDS and STD Control, Teku, Kathmandu Hall.*** Bids must be valid for a period of ***90 days*** from the bid submission deadline and must be accompanied by a bid security amounting to a minimum of NPR***. 2,00,000***, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***4th March, 2027).***

**Nepal Electricity Authority**
**Invitation for Bids**
**(Date of publication 12th October, 2026 (26/06/2083)**

| Name of Office | Tender No./ Types of Bidding | Description of Works/Jobs |
|---|---|---|
| Power System Operation Department (Tel No: 01-5198375,5198072 | PSOD/083/84-01 | Supply, Delivery, Installation, Testing and Commissioning of BCU for Data Integrations . |
| Lumbini Province Division Office, Nepalgunj. (Tel No. 081-531783 | NEA-LPDON-NCB-LineMaterials-2083/84-02 | Supply and Delivery of Fully Galvanized Line Material Hardwares. |
| | NEA-LPDON-NCB-StaySet-Earthing-2083/84-03 | Supply and Delivery of LT Stay Set, Stay Wire & Earthing Materials. |

Please visit official website of NEA (www.nea.org.np) for more details.